STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ ११ गते मंगलबार ❑ 25 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## निवर्तमान १४६ सांसदको रिट निवेदन दर्ता

**रासस**
**काठमाडौं, १० जेठ**

सर्वोच्च अदालतमा प्रतिनिधिसभा पुनःस्थापना गरी नेपालको संविधानको धारा ७६ (५)बमोजिम नेपाली कांग्रेसका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न आदेशको माग गर्दै रिट निवेदन दर्ता भएको छ।

निवर्तमान प्रतिनिधिसभा सदस्य १४६ जनाका तर्फबाट देउवाले आज सर्वोच्च अदालतमा पुगी दायर गर्नुभएको रिट निवेदनमा प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद् को यही जेठ ८ को सिफारिशमा



प्रतिनिधिसभा विघटन गरी आगामी कात्तिक २६ र मंसिर ३ गते निर्वाचन तोक्ने राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको निर्णय बदर गर्न माग गरिएको छ। रिट निवेदनमा भनिएको छ, 'असंवैधानिक रुपमा विघटन भएको प्रतिनिधिसभालाई पुनःस्थापना गरी प्रतिनिधिसभाको सदस्यको हैसियतले संविधानको धारा ७६ (५) बमोजिम प्रधानमन्त्री नियुक्तिको लागि म निवेदकमध्येका शेरबहादुर देउवालाई राष्ट्रप्रतिसमक्ष पेश गरेको मिति २०७८ जेठ ७ गतेको विश्वासको आधारमा प्रधानमन्त्री नियुक्त गर्नू।'

नेपालको संविधानको धारा ७६ (५) बमोजिम नियुक्त हुने प्रधानमन्त्रीका लागि समर्थन गरेका आधारमा प्रतिनिधिसभाका सदस्यलाई दल त्याग गरेको भनी प्रत्यर्थी राष्ट्रपति कार्यालयसमेतका नाममा परमादेशलगायत अन्य उपयुक्त आदेश जारी गरी संवैधानिक हकको संरक्षण गर्न निवेदनमा माग गरिएको छ। निवेदनमा प्रधानमन्त्री तथा राष्ट्रपतिबाट

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अनुमति विना फेवातालमा डोजर चल्यो

**पोखरापत्र संवाददाता**
**पोखरा, १० जेठ**



रामसारमा सुचिकृत भएको विश्वकै ऐतिहासिक तथा पर्यटकीय स्थल फेवातालमा हाल अनुमति विना डोजर चलेको छ। पोखरा महानगरपालिकाको अनुमति विना पोखरा १८ स्थित खपौंदीको माछापोखरी नजिकैको ताल क्षेत्रमा डोजर चलेको स्थानियले राम बहादुर घर्ती क्षेत्रीले बताए।

तालको क्षेत्रमा जथभावी रुपमा माछापालनदेखि विभिन्न भौतिक संरचना बनाउनुले तालमा दोहन भएको उनले गुनासो गरे। उनले भने "तालमा मापदण्ड परिपरितका भौतिक संरचना बन्नुले सरकार विना जस्तै भएको छ, तालको दिगो रुपमा कसैले पनि हालसम्म काम गर्न सकेका छैनन्।" कोरोनाको महामारीले अधिकांश मानिसहरु आ–आफ्नो घर घरमा बसेका बेला पोखरा सहित कास्की क्षेत्रमा हाल निषेधाज्ञा जारी भएको अबस्थामा यही मौका छोपेर फेवातालमा मापदण्ड विपरित डोजर चलाउने उपर कारवाही गर्न स्थानियको माग रहेको छ। पोखरा महानगरपालिका वडा नम्बर ६ का वडा सदस्य पुष्पा घले पहारीले आफ्नो जग्गा सम्माउने भन्दै हाल डोजर चलाएकी हुन्। कृषि प्रयोजनको लागि हाल कामदार समेत पाउने भएकोले गर्दा जग्गा सम्माउन हाल डोजर लगाइएको उनले बताइन्। तपाई त वडा सदस्य फेवातालको भागमा खन्न खोर्सन पनि महानगरको अनुमति चाहिन्छ अनुमति लिनु भएन भन्ने हाम्रो प्रश्नमा उनले कृषि प्रयोजनको लागि कृषि ज्ञान केन्द्रबाट अनुमति लिएको दाबी गरिन्।

विगत ३/४ दिन देखि वडा सदस्यको जग्गामा डोजर चल्दा समेत पोखरा महानगरपालिका र पोखरा १८ को वडा कार्यालय अनविज्ञ छन्। पोखरा महानगरका मेयर मानबहादुर जिसीले आफुहरुले अहिलेको अबस्थामा फेवातालको वरिपरि कसैलाई पनि डोजर चलाउने अनुमती नदिएको बताउर्दै के भएको त्यसको बारेमा बुझ्ने बताए। पोखरा १८ का वडा अध्यक्ष रण बहादुर थापा पनि आफ्ना वडामा डोजर चल्दा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## फ्रान्सबाट आउने भयो प्रतिष्ठानमा अक्सिजन मेसिन

**पोखरापत्र संवाददाता**
**पोखरा, १० जेठ**

एक थुकि सुकि, सय थुकी नदि भन्ने भनाई लाई सार्थक पार्न पोखरामा यति वेला १०० दान, माहामारिमा प्राण भन्ने नारा सहित अक्सिजन प्लान्ट स्थापना गर्ने अभियान जारी रहेको छ।

पोखरामा नागरिक स्तरबाट अक्सिजन प्लान्ट स्थापनाको लागि अभियान सुरु भएसंगै हाल रकम संकलन तथा मेसिन खरिद गर्ने प्रकृया द्रुत गतिमा अघि बढेको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल अक्सिजन प्लान्ट स्थापनार्थ निर्माण समितिका अध्यक्ष एवं अक्सिजन प्लान्टका अभियान्ता आनन्द बतासले बताए।

पोखरामा सामुदायिक अस्पताल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) मा स्थापना गर्न लागिएको अक्सिजन प्लान्ट ढिलोमा एक महिना भित्र फ्रान्सबाट चर्चीत ब्राण्ड नोभा कम्पनीको मेसिन आउने भएको उनले जनाए। उक्त मेसिन खरिद गर्न समितिले पहिलो चरणमा एक करोड ५४ लाख समेत अग्रिम भुत्तानी समेत गरेको समितिले जनाएको छ। सो मेसिन खरिद गर्न करिब पौने चार करोड लाग्ने भएको उनले बताए। हवाई रुटबाट उत्तः मेसिन नेपाल ल्याउदा एक करोड भन्दा बढी रकम लाग्ने हुँदा त्यसको लागि सरकारको सहयोग माग गरिएको समितिले जनाएको छ।

उनले भने "हामीले एक महिना भित्र अक्सिजन मेसिल भित्राउने छौं, हामीले सोचेको भन्दा केही सहुलियत मेसिन खरिन हुने भएको छ, बाँकी रहेको रकम हामीले अस्पतालमा आईसियू वेड थप्ने योजना बनाएका छौं।" पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हाल पनि सघन उपचार कक्ष(आईसियू) नभएकोले केही आईसियू वेड राख्ने आफुहरुको योजना थपिएको बतासले जनाए। विदेशबाट हालसम्म करिब १७ लाख संकलन भएको केहीबाट थप रकम प्राप्त हुने आश्वासन आएकोले केही समयसम्म रकम संकलन अभियान जारी रहने अक्सिजन प्लान्टबाट बचत रकम आइसियू बेड व्यबस्थापनमा खर्चिने भएको उनले जनाए। उक्त अभियानलाई सफल पार्न ५० हजार भन्दा बढी रकम दिनेहरुको नाम विभिन्न संचार माध्यम तथा सामाजिक संजाल मार्फत सार्वजनिक समेत गर्ने समितिले जनाएको छ।

बतास फाउण्डेसनका अध्यक्ष आनन्दराज बतासको सक्रियतामा सुरु भएको यस अभियानमा हालसम्म करिब ३ करोड ३८ लाख सहयोग गर्नेको प्रतिवद्धता आएको छ भने करिब २ करोड १० लाख भन्दा बढी रकम बैंकमै जम्मा भएको छ। यदि कसैले उक्त अभियानलाई सफल पार्न न्यूनतम एक सय देखि सहयोग गर्न सकिने भएको छ भने ग्लोवल बैंको खाता नम्बर ६५०१०१००००४७७ रहेको छ। आफुहरुले प्रति दीन १ सय ५० ग्याँस सिलिण्डर उत्पादन हुने गरी अक्सिजन प्लान्ट स्थापना सहित र थप स्वास्थ्य सामाग्रि जोहो गर्ने लक्ष्यका साथ अभियानमा लागेको समितिका कोषाध्यक्ष एवं प्रवत्ता युवा व्यवसायी नारायण प्रसाद पौडलले बताए। धेरै भन्दा धेरै जनताको अपनत्व होस भन्नका खातिर न्यूनतम एक सय देखि आफुहरुले सहयोग संकलन गर्न आव्हान गरिएको उनले जनाए। देशका केही भागमा अझै पनि अक्सिजन ग्याँस पाएर अस्पतालको वेडबाटै छट् पटाउदै मुत्यु वरण गर्नुपर्ने अबस्था रहेकोले गण्डकी प्रदेशको राजधानि पोखरामा त्यो अबस्था नआहोस भन्ने उद्धेश्यले उक्त अभियानमा जुटेको अभियान्ता बतासले बताए। उनका अनुसार महामारीका वेला प्रतिष्ठानमा कम्तिमा पनि दैनिक ५ सय अक्सिजन ग्याँस सिलिण्डर उत्पादन गर्ने क्षमताका अक्सिजन प्लान्टहरु आवश्यक पर्छ। उनले भने "यो अभियान बतासको मात्र होइन यो मानवीय अभियान हो यदि कसैले यो अभियानलाई सफल पार्न चहानुहुन्छ भने एउटै खातामा जम्मा हुने गरी काम गर्नु पर्‍यो।" उक्त अभियानमा सहयोगको लागि बचन दिएकाहरुलाई समितिले जति सक्दो छिटो रकम बैंकमा दाखिला गर्न वा समितिलाई सहयोग गर्न आव्हान गरेको छ।

## गण्डकीमा ७४४ संक्रमित थपिए, २० को मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, १० जेठ**

पछिल्लो २४ घण्टामा कास्की जिल्लामा थप २६३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

सोमबार कास्कीमा १५० जना पुरुष तथा ११३ जना महिला गरी २६३ जनामा कोरोना भाइरस देखिएको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ। पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार ७३४ जनाको नमुना परीक्षण गरिएकोमा थप ७४४ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ। कास्कीका २६३ सहित म्याग्दीका ३८ जना, स्याङ्जाका ८८ जना, बाग्लुङका २१ जना, पर्वतका ५९ जना, तनहुँका १०४ जना, गोरखाका ११ जना, लमजुङका २३ जना, नवलपुरका १३३ जना, मनाङका २ जना र मुस्ताङका २ जना गरी प्रदेशका सबै जिल्लामा ४१४ पुरुष तथा ३३० जना महिलामा कोरोना पुष्टि भएको हो। योसँगै गण्डकी प्रदेशमा कोरोना संक्रमितको कुल संख्या ३५ हजार ३२६ पुगेको छ। पछिल्लो २४ घण्टामा ६५३ जना निको भएसँगै प्रदेशमा संक्रमणमुक्त हुनेको संख्या २४ हजार ४२० पुगेको छ। पोखराका अस्पतालहरुमा उपचाररत १५ जनासहित गण्डकी प्रदेशमा २० जना कोरोना संक्रमितहरुको मृत्यु भएको छ। मृतकहरु सबैको पछिल्लो २४ घण्टामा अस्पतालहरुमा उपचारको क्रममा मृत्यु भएको हो।

मृतकहरु स्याङजाका ६ जना, पर्वतका ४ जना, बाग्लुङका ४ जना, तनहुँका २ जना, कास्कीका १ जना, मुस्ताङका १ जना र रुपन्देही जिल्लाका २ जना रहेको प्रदेश स्वास्थ्य निर्देशनालय पोखराले जनाएको छ।

निर्देशनालयका अनुसार प्रदेशमा कोरोना संक्रमणबाट निधन हुनेको संख्या ५५१ पुगेको छ।

## मन्त्रीलम्सालको निर्णय अब उद्योग नविकरण अनलाईनबाटै

**पोखरापत्र संवाददाता**
**पोखरा, १० जेठ**

मन्त्रीविकास लम्सालले पर्यटन, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालयको जिम्मेवारी सम्हालेका छन्। उनले मन्त्रालयमा पुगेर पदभार ग्रहण गर्दै गण्डकी प्रदेश भित्रका उद्योगहरु अब अनलाईन प्रणालि मार्फत नविकरण गर्न मिल्ने फाईल सदर गरेका छन्।

वन, वातावरण तथा भु संरक्षण मन्त्रालयको जिम्मेवारी समेत सम्हालेका मन्त्री लम्सालले मन्त्रालय मातहतका सबै कर्मचारीलाई परिणाम देखिने गरी काम गर्न निर्देशन दिए। मन्त्रालयमा आयोजित पदस्थापन कार्यक्रममा उनले सार्वजनिक सेवालाई जनमुखी बनाउन समेत जोड दिए।

उपलब्ध स्रोत साधनको बढीभन्दा बढी उपयोग गरी कामगर्न निर्देशन दिदै उनले मन्त्रालयका कार्यक्रम कार्यान्वयमा उच्च प्रगति हासिल गर्ने सरकारले



तदारुकताका साथकाम गर्ने बताए।

मुलुकलाई औद्योगिकीकरण नगरेसम्मआर्थिक समृद्धि नहुने धारणा राख्दै त्यसतर्फ सबैको ध्यान जानुपर्नेमा जोड दिदै मन्त्री लम्सालले एक स्थानियतहमा एक उद्योग ग्राम निर्माण गर्ने, पालिकामा उद्योग मैत्री वातावरण निर्माण गर्ने, रोजगारी सिर्जना गर्ने, दैनिक उपभोग्य सामाग्री उत्पादन गरेर अत्मनिर्भर बन्ने वातावरण सिर्नना गर्ने बताए।

साथै उनले २ वटा प्रादेशिक स्तरिय औद्योगिक क्षेत्रको कामलाई समेत तिब्र गतिदिने बताउदै दैनिक उपभोग्य वस्तु तथा खाद्य पदर्थमा आधारित उद्योगलाई प्राथमिकतामा राखेर काम गर्ने बताए। युवा, विपन्न, वेरोजगार, कोरोना प्रभावित एवम् सामाजिक आर्थिक रुपमा पछाडि परेका वर्ग तथा क्षेत्रको उद्यमशिलता विकासका लागि व्यवसायिक, सिपमुलक र रोजगारमूलक तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रमलाई निरन्तरता दिँदै उद्योग मर्मत उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिवि निवारणमा टेवा पुग्ने गरि कामगर्ने बताए।

यस अघिको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई फुटाएर पर्यटन, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय र वन, वातावरण तथा भु-संरक्षण मन्त्रालय बनाईएको छ।

वन, वातावरण तथा भु संरक्षण मन्त्रालयपहिलेकै उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा राखिएको छ भने उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग, वाणिज्य तथा उपभोक्ताहित संरक्षण निर्देशनालयको भवन मासबारमा राखिएको छ। मन्त्री लम्सालले दुवै मन्त्रालय सम्हालेका छन्।



## अनुमति ...

अनविज्ञे भएको जनाए । उनले भने "फेवातालमा महानगरबाट अनुमति लिएको होला नी, खै मलाई थाहा छैन कसले र कहाँ डोजर चलाएको छ ।" पोखरा महानगरले कृषि कार्यक्रम अर्न्तगत प्रति रोपनी १५ हजारमा माछापोखरी बनाउन माछा पटेक क्षेत्र अर्न्तगत माछा पोखरी क्षेत्रमा लगानी गरेको महानगरका कृषि महाशाखाका प्रमुख मनोहर कडरियाले बताए।

उक्त जग्गाबाट समेत माछा पालन गर्न लागि महानगरमा प्रस्ताव समेत आएको श्रोतको भनाई छ । महानगरले तालको क्षेत्र बाहेक किनाराको केही भागमा माछापालन गर्नको लागि प्रोत्साहन गरेको कडरियाले जनाए। कोरोना महामारीको मौका छोपेर पहारीले अर्को व्यक्तिलाई माछा पालन गर्ने प्रयोजनको लागि ठुलो खाडल खनेको स्थानियले गुनासो गरे । शनिबारसम्म एउटा डोजर चलेकोमा आइतबार देखि दुई वटा डोजर चलेको हो।

फेवातालको सिमाङ्कन तथा नक्साङ्कन समितिका संयोजक पुण्यप्रसाद पौडेलले तालको क्षेत्रमा व्यक्तिको जग्गा भए पनि हाल कुनै काम गर्न नपाइने बताए। उनले हाल तालको दुषित जग्गा पहिचानको अन्तिम चरणमा आफुहरु पुगेको समेत जनाए।

करिब ३ हजार जनाको तालमा दुषित जग्गा रहेको उनले जनाए। कोरोनाको प्रकोप हलका भएर निषेधाज्ञा खुलेको हप्ता १० दिन भित्रमा दुषित जग्गाको बिषयमा प्रतिवेदन सार्वजनि गर्ने जनाए।

## निवर्तमान ...

भएगरेका कामकारवाहीबाट कानूनको प्रत्यक्ष त्रुटि हुन पुगेको स्पष्ट भएको र निवेदकहरुले समर्थन गरेको प्रतिनिधिसभा सदस्य निवेदकमध्येकै देउवालाई नेपालको संविधानको धारा ७६(५) अन्तर्गत प्रधानमन्त्री नियुक्त गर्नुपर्नेमा दुवै दावीकर्ताको दावी नपुग्ने भनी यही जेठ ७ गतेको निर्णयसमेत बदर गर्न माग गरिएको छ।

राष्ट्रपति भण्डारीले यही जेठ ८ गते सरकार गठन गर्नका लागि प्रधानमन्त्री ओलीसहित दुवै दावीकर्ताको बहुमत नपुगेको जनाउँदै प्रतिनिधिसभा विघटन गरी आगामी कात्तिक र मंसिरमा प्रतिनिधिसभाको निर्वाचन तोक्नुभएको थियो । त्यसैको विरोधमा सर्वोच्च अदालतमा रिट निवेदन पुगेको हो।

रिट निवेदन दर्ता गर्न सर्वोच्च अदालतमा कांग्रेस सभापति देउवा, नेपाल (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एमाले)का नेता माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीसहित १४६ निवर्तमान सांसद जानुभएको थियो । तिनमा कांग्रेसका ६१, माओवादी केन्द्रका ४९, एमाले नेपाल समूहका २३, जसपाका १२ र जनमोर्चाका एक निवर्तमान सांसद छन् । अदालत परिसरमा कांग्रेसका नेता गगनकुमार थापाले पटकपटक प्रतिनिधिसभा विघटन दुर्भाग्यपूर्ण भएको बताए।



निषेधाज्ञामै पुल जडानः कोरोना महामारीको वेलामा पनि पोखराको सृजनाचोकमा आकासे पुल निर्माणको काम भईरहेकोछ। क्रेनको सहायतामा काम गर्दै मजदुरहरु। तस्विरः पोखरापत्र

# अस्पताल र प्रयोगशाला भवन शिलान्यास–मुख्यमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, १० जेठ**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले पोखरा ३० मोहोरीया स्थित संक्रामक तथा सरुवा रोग अस्पताल भवन र प्रयोगशालाको सोमबार शिलान्यास गरेका छन्।

संघ अन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको १४ करोड ३० लाख लागतमा तीनतला सहितको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला भवन र गण्डकी प्रदेश सरकारको ५३ करोड ७० लाख रुपैयामा अत्याधुनिक सुविधा सहितको पाँच तलाको अस्पताल भवन निर्माण गर्न लागिएको हो।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस संक्रमणले स्वास्थ्य क्षेत्रमा ठूलो चुनौती थपेको बताउँदै मुख्यमन्त्री गुरुङले यस अस्पताललाई गण्डकी प्रदेशको मात्र नभई देशको नै आशा भरोसायुक्त अस्पतालको रुपमा विकास गरिने बताए।

अस्पतालको भौतिक पूर्वाधार विकास मात्र नभई आवश्यक दक्ष जनक्तिको व्यवस्था गरिने कुरामा आफु प्रतिवद्ध भएको बताउँदै उनले मानव जीवनको रक्षार्थ गरिने यस किसिमका विकास निर्माणलाई सवैको साथ र सहयोग आवश्यक हुने बताए । कोरोना परिक्षणको



नतिजा ढिलो आउने गरेको जनगुनासोलाई सम्वोधन गर्दै २४ घण्टा भित्रमा नतिजा उपलव्ध गराउनेतर्फ प्रदेश सरकार लाग्ने प्रतिवद्धता समेत व्यक्त गरे । तीन वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको अस्पतालको पहिलो वर्षमा ५० शयूया, दोश्रो वर्षमा ५० हुँदै कूल दुई सय शयूया पुऱ्याउने गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव विनोदबहादुर कुँवरले जानकारी दिए।

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रा.डा. कृष्णप्रसाद पौडेलले तीन तहका सरकार, स्थानीय समुदाय स्वास्थ्यकर्मीको समन्वय र सहकार्यमा तोकिएको समय एवम् गुणस्तरीय निर्माणमा जोड दिइने बताए।

स्थानीय सक्रियता एवम् लायन्स अस्पतालको रुपमा सञ्चालीत उक्त अस्पताललाई डेढ वर्ष अघि प्रदेश संक्रामक तथा सरुवा रोग अस्पतालका रुपमा परिणत गरी स्वास्थ्य सेवा प्रदान गर्दे आएकोमा हालसम्म छ सय कोरोनाका बिरामीको उपचार गरेको अस्पतालका कार्यकारी निर्देशक डा. विकास गौतमले जानकारी दिनुभयो । मुख्यमन्त्री गुरुङले सोही अस्पतालमा व्यवस्था गरिएको सात शैयाको सघन उपचार कक्ष (आइसीयू) सेवाको समेत शुभारम्भ गरे। अस्पतालको जग्गा एक सय रोपनी रहेको छ।

# नेता नेपालसहित ११ निवर्तमान सांसद एमालेबाट निष्काशित

**रासस**
**काठमाडौं, १० जेठ**

सत्तारुढ नेकपा (एमाले) को आजको स्थायी कमिटी बैठकले पार्टीका नेताहरु माधवकुमार नेपाल, झलनाथ खनाल, भीमबहादुर रावलसहित ११ जना नेता तथा निवर्तमान सांसदलाई पार्टी सदस्यबाट निष्काशन गर्ने निर्णय गरेको छ।

पार्टीका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार ढाल्ने र विपक्षी नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा सरकार बनाउन दलीय प्रणाली विपरीत हस्ताक्षर गरेकामा सोधिएको स्पष्टीकरण चित्तबुझ्दो नभएपछि कारबाही गरिएको हो । कारबाही गरिएका अन्य नेतामा मुकुन्द न्यौपाने, रामकुमारी झाँक्री, सरला यादव, पुष्पाकुमारी कर्ण, कलिला खान, निरादेवी जैरु, लक्ष्मीकुमारी चौधरी र कल्याणीकुमारी खड्का हुनुहुन्छ। उहाँहरुलाई पार्टीविरूद्ध गतिविधि गरेकामा सोधिएको स्पष्टीकरण चित्तबुझ्दो नदिएकाले पार्टीबाट निश्कासन गर्ने निर्णय भएको एमालेका प्रचार विभागका उपप्रमुख सूर्य थापाले जानकारी दिनुभयो। एमालेभित्रको विवाद मिलाउन कार्यदल गठन गरी छलफल भइरहेका बेला विकसित राजनीतिक घटनाक्रमले पुनः विवाद देखिएको हो । यसअघि नेता नेपालसहित चार नेतालाई गरिएको निलम्बन फुकुवा गरेर आपसी वार्तापछि कार्यदल गठन भएको थियो। प्रधानमन्त्री निवास बालुवाटारमा भएको बैठकले थप नेताहरु घनश्याम भुसाल, सुरेन्द्रप्रसाद पाण्डेय भवानी खापुङ, यज्ञराज सुनुवार, विरोध खतिवडा, जीवनराम श्रेष्ठ, कृष्णलाल महर्जन, सोमप्रसाद पाण्डे, मेटमणि चौधरी, झपट रावल, दीपकप्रकाश भट्ट र नारायण खतिवडासहित १२ जनालाई स्पष्टीकरण सोध्ने निर्णय पनि गरेको छ। यही जेठ ७ गते संविधानको धारा ७६ (५) बमोजिम देउवाको नेतृत्वमा सरकार गठन गर्न एमालेका ती निवर्तमान सांसदले हस्ताक्षर गरेका थिए । एमालेका अध्यक्ष ओलीले पनि सोही धाराबमोजिम आफूलाई प्रधानमन्त्रीका लागि एमाले र जनता समाजवादी पार्टीका तर्फबाट दाबी गर्नुभएको थियो । राष्ट्रपति विद्यादेवी भण्डारीले दुवै दाबी स्वीकार गर्न सकिने अवस्था नभएको निर्णय गरेपछि सरकारको सिफारिशमा जेठ ८ गते आगामी कात्तिक २६ र मङ्सिर ३ गतेका लागि मध्यावधि निर्वाचन घोषणा भएको थियो।

बैठकले सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टलाई नेकपा (एमाले)ले दिएको समर्थन फिर्ता लिने तथा आफ्ना मन्त्रीहरूलाई फिर्ता हुन निर्देशन दिने निर्णय पनि गरेको छ।

# संसद् पुनःस्थापनामा २४ र ओलीलाई प्रम नियुक्त गर्न चार निवेदन

**रासस**
**काठमाडौं, १० जेठ**

सर्वोच्च अदालतमा प्रतिनिधिसभा पुनःस्थापना गर्नुपर्ने गर्दै २४ र केपी शर्मा ओलीलाई नै प्रधानमन्त्रीमा नियुक्ति गर्नुपर्नेमाग गरी चार रिट निवेदन दर्ता भएका छन्।

प्रतिनिधिसभाका निवर्तमान सदस्य १४६सहित पुनःस्थापना गर्नुपर्ने पक्षमा तथा प्रतिनिधिसभामा बहुमतको आफ्नो आधार पेश गर्नुभएका प्रधानमन्त्री ओलीलाई नै पुनः नियुक्ति गर्नुपर्ने पक्षमा अधिवक्ता धनजीत बस्नेत, कृष्ण भण्डारी, राजाराम घिमिरेलगायत हुनुहुन्छ। दर्ता भएका निवेदनमध्ये नौ वटा संवैधानिक इजालास र १९ वटा नियमित इजलासमा जाने तय भएको अदालत प्रशासनले तय गरेको छ । प्रधानमन्त्री ओलीलाई नै पुनः प्रधानमन्त्रीमा नियुक्त गर्नुपर्ने विषयमा परेको निवेदनमा यही जेठ ७ गते नेपालको संविधानको धारा ७६ (५) बमोजिम प्रतिनिधिसभाको विश्वासको मत प्राप्त गर्ने ठोस आधार नदेखिएकाले पुनःप्रधानमन्त्री पदमा नियुक्ति गर्न मिलेन भन्ने कुरा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ विपरीत भएको उल्लेख छ। निवेदनमा ऐनको व्यवस्था विपरीत प्रधानमन्त्री ओलीलाई पुनःप्रधानमन्त्री नियुक्ति गर्न नसक्ने भन्ने कुरा संविधानको मर्म र भावना विपरीत भएको जनाउँदै सो निर्णय बदर गरी पुनः प्रधानमन्त्रीमा नियुक्ति गर्न माग गरिएको छ । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेपाल (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एमाले)का नेता माधवकुमार नेपाल, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाका दुर्गा पौडेलसहित १४६ निवर्तमान सांसदले प्रतिनिधिसभा पुनःस्थापना गरी देउवालाई प्रधानमन्त्री बनाउनुपर्ने माग निवेदनमा गरिएको छ । प्रतिनिधिसभा पुनःस्थापना गरी नेपालको संविधानको धारा ७६ (५) बमोजिम कांग्रेसका सभापति देउवालाई प्रधानमन्त्री नियुक्त गर्न निवर्तमान सांसदले रिट निवेदन दर्ता गर्नुभएको छ भने बाँकी रिट निवेदकले प्रतिनिधिसभा विघटन गर्नु असंवैधानिक भएकाले पुनःस्थापनाको माग गर्नुभएको छ ।

मन्त्रिपरिषद्को यही जेठ ८ को सिफारिशमा प्रतिनिधिसभा विघटन गरी आगामी कात्तिक २६ र मंसिर ३ गते मध्यावधि निर्वाचन तोक्ने गरी राष्ट्रपतिले यही जेठ ८ गतेको निर्णय बदर गरी असंवैधानिक र गैरकानूनी घोषित गर्न माग गरिएको छ।

# सातै प्रदेशमा अक्सिजन प्लान्ट, खोपका लागि कुटनीतिक पहल

**रासस**
**काठमाडौं, १० जेठ**

नेकपा(माओवादी केन्द्र)ले सात वटै प्रदेशका सरकारी र सामुदायिक अस्पतालहरुको वरिपरि सातवटा अक्सिजन प्लान्ट स्थापना गर्ने भएको छ। कोरोना महामारीमा अक्सिजन नपाएर स्वास्थ्य जोखिममा परेका नागरिकका लागि सहज रुपमा अक्सिजन उपलब्ध गराउन त्यस्ता प्लान्ट स्थापना गर्न लागिएको हो।

कोरोना नियन्त्रणको लागि माओवादी केन्द्रको स्थायी समितिले पारित गरेको नीति, कार्यक्रम र संरचना सम्बन्धी प्रस्ताव अनुसार अक्सिजन आपूर्तिलाई सहज गर्न यस खालको प्रयास गर्न लागिएको हो।

सो पार्टीको यही जेठ ५ र ६ गते स्थायी समितिको बैठक बसेको थियो। आइतबार स्थायी समितिले पारित गरेको कार्ययोजनामाथि केन्द्रीय समितिमा समेत छलफल गरिएको थियो । त्यसका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोग जुटाउन नेतृत्वतहबाट विशेष पहल गरिनेछ। यसका साथै पिपिई देश भित्रै उत्पादनको सम्भावनाका उचित विकल्पको खोजी तथा त्यसका लागि पहल गरिने उक्त प्रस्तावमा उल्लेख छ।

स्थायी समितिको बैठकको निर्णय सार्वजनिक गर्दै अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नागरिकको जीवन रक्षाका लागि पार्टीको तर्फबाट सबै खालका पहल तथा प्रयास गरिने उल्लेख गर्नुभएको छ।

स्थायी समितिको बैठकको निर्णयमा भनिएको छ, "कोभिड १९ को दोस्रो लहरको तिव्रता र भयावहतालाई दृष्टिगत गर्दा सरकारले जनताको स्वास्थ्य सम्बन्धी मौलिक हक रक्षा गर्ने तथा सङ्क्रमण रोक्ने तयारी तत्परता र प्रभावकारीतामा पूर्णत असफल भएको छ।" कोरोनाको तेश्रो लहर पनि आउन सक्ने सम्भावनाप्रति विज्ञले सचेत गराई रहेको पृष्ठभूमिमा सम्भावित विपत्तीलाई सामना गर्न सक्ने प्रणाली निर्माणको तयारी आजको प्रमुख विषय बन्न पुगेको माओवादी केन्द्रले जनाएको छ।


माओवादीले पार्टीको नेतृत्वमा नै कोभिड कोष खडा गर्ने भएको छ। त्यसका लागि यसमा पार्टीको तर्फबाट संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले पाउने पारिश्रमिक एवं मासिक भत्ता र विभिन्न राजनैतिक नियुक्ति लिएकाले आफूले प्राप्त गरेको आम्दानी बुझाउन भनिएको छ। कोषमा पार्टीका सवै सदस्यले न्यूनतम योगदान गर्नुपर्नेछ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । – नेपोलियन

## सम्पादकीय

# एमाले विधिवत विभाजनको बाटोमा

नेपाल कम्युनिस्ट पार्टी (एमाले)मा लामो समयदेखि पार्टी निर्णय विरुद्ध लागेको समूह निस्कासन परेको छ । एमालेमा चलेको गुटबन्दी चरम भएपछि विभाजन हुनु हो । सर्वोच्च अदालतले नेकपा दर्ता खारेज गरेपछि एमाले र माओवादी केन्द्र पुरानो अवस्थामा फर्केपछि एमाले एकताबद्ध हुन सकेको थिएन । अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र बरिस्ठ नेता झलनाथ खनाल-माधवकुमार नेपाल समुहले समानान्तर गतिविधि गर्दै आएका थिए । मिल्न पनि नसक्ने छुट्टीएर जान आनाकानी गर्दै आएको खनाल - नेपाल समुहले प्रतिनिधिसभामा दलको अनुशासन तोड्दै आएको थियो । संसदीय प्रणालीमा पटक्कै नसुहाउने गतिविधि भइरहेका थिए ।पार्टीले स्पष्टीकरण सोध्ने, फिर्ता लिने र एकताबद्ध बनाउने पहल भएको थियो । मिल्ने दिशामा गएको बेला दलीय पद्धति विपरीत काम भएकोले एकताबद्ध रहन सक्ने आधार सकिदै गएका थिए । बरिष्ठ नेता खनाल नेपाल समुहले नयाँ पार्टी खोलेर जाने जानकारी गराएका हुन ।

निर्वाचन आयोगमा निकट कार्यकर्तालाई दल दर्ताको निवेदन दिएका समाचार सार्वजनिक भएका थिए । पार्टीलाई मिलाएर लान सकिन्छ भन्ने पक्ष कमजोर भएको कारण वारपारको अवस्था आएको हो । बालुवाटारमा बसेको एमाले स्थायी समितिको बैठकले स्पष्टीकरण सोधिएका माधव नेपाल र झलनाथ खनालसहित ११ जना नेतालाई कारबाही गर्ने निर्णय गरेको छ । पार्टीले सोधेको स्पष्टीकरण नदिने जबाफ प्राप्त भएपछि स्थायी समितले यस्तो निर्णय गरेको जनाएको छ । सोमबार अपरान्ह बालुवाटारमा एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा बसेको बैठकले नेपाल र खनाललगायतका ११ जनालाई साधारण सदस्य नरहने गरी कारबाही गरेको हो । बैठकले कल्याणी खड्का, सरला यादव, पुष्पा कर्ण, लक्ष्मी चौधरी, झलनाथ खनाल, माधव नेपाल,भीम रावल, मुकुन्द न्यौपाने, रामकुमारी झाँक्री, कलिला खातुन र निरा देवी जैरूलाई साधारण सदस्य नरहनेगरी निष्कासन गरेको छ ।

सोमबारको बैठकले थप १२ जनालाई २४ घण्टे स्पष्टीकरण सोध्ने निर्णय गरेको छ । थप २४ घन्टे स्पष्टीकरण सोधिने नेतामा घनश्याम भुसाल, सुरेन्द्रप्रसाद पाण्डे, भवानी खापुङ, यज्ञराज सुनुवार, विरोक खतिवडा,जीवनराम श्रेष्ठ, कृष्णलाल महर्जन, सोमप्रसाद पाण्डे, मेटमणि चौधरी, झपट रावल, दीपकप्रकाश भट्ट र नारायण खतिवडालगायत छन् । त्यसैगरी सुदूर पश्चिम प्रदेका मुख्यमन्त्री त्रिलोचन भट्टलाई नेकपा एमालेले दिएको समर्थन फिर्ता लिने तथा मन्त्रीहरूलाई फिर्ता हुन निर्देशन दिने निर्णय भएको छ । बैठकमा सोमबार सर्वोच्चमा दायर भएको रिट निवेदनमा २३ जना सांसदले हस्ताक्षर गरेको विषयमा पनि छलफलल भएको थियो । कांग्रेस सभापति शेरबहादुर देउवालाई संविधानको धारा ७६ (५) अनुसार प्रधानमन्त्री नियुक्त गर्न माग गर्दै एमालेका २३ जना सांसदले हस्ताक्षर गरेका छन् ।

पहिले देउवालाई प्रधानमन्त्री बनाउने अभियानमा हस्ताक्षर गर्ने सांसद २६ जना थिए भने सोमबार रिट दायर गर्ने क्रममा २३ जना मात्रै छन् । माधव समूहका भनी चिनिएका गोकर्ण विष्ट, गणेश पहाडी र पवित्रा निरौलाको नाम रिट दायर गर्ने सांसदको सूचीमा छैन । सोमबार सर्वोच्चमा दायर भएको रिटमा हस्ताक्षर गर्नेमा विरोध खतिवडा, जीवनराम श्रेष्ठ, घनश्याम भुसाल, सोम पाण्डे, कृष्णलाल महर्जन, झपट रावल, निरादेवी जैरू, सरला यादव, कल्याणी खड्का, लक्ष्मी चौधरी, माधव कु.नेपाल, भीम रावल, कलिला खातुन, रामकुमारी झाँक्री, झलनाथ खनाल, पुष्पा कर्ण, भवानी खापुङ, यज्ञराज सुनुवार, सुरेन्द्र पाण्डे, मुकुन्द न्यौपाने, दिपक भट्ट , नारायण प्रसाद खतिवडा, मेटमणि चौधरी छन । एमाले विभाजनको विधिवत बाटो खुलेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : मानसिक तनाब |
| वृष | : मन चञ्चल | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : शारिरीक झमेला | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शत्रुको भय | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६,जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# प्रदूषित बन्दै हिमाली क्षेत्र

**रासस**

**काठमाडौं, १० जेठ**

यार्सा तथा जडीबुटी सङ्कलन र अस्थायी होटेलबाट निस्कने कुहिने एवं नकुहिने फोहोर व्यवस्थापन नगरी जथाभावी फाल्ने गरेकाले बझाङ जिल्लाको हिमाली क्षेत्रमा फोहोर थुप्रिँदै गएको छ ।

हिमाली वनमा फालिएका पुराना लुगाकपडा, जुत्ता, प्लास्टिकजन्य वस्तु, सिसाका बोतललगायत सङ्कलनकर्ताले फालेका कुहिने तथा नकुहिन फोहोरको व्यवस्थापन नहुँदा जिल्लाको सुर्मा गाउँपालिका र साइपाल गाउँपालिकाका हिमाली वन क्षेत्रमा वर्षेनि फोहोर थुप्रिँदै गएको हो । यार्सा तथा जडीबुटी सङ्कलन र अस्थायी होटेलले प्लास्टिक, सिसालगायत सबै खालका फोहोरको जथाभावी खुला ठाउँमा फाल्ने गरेका कारण प्रत्येक वर्ष फोहोर थुप्रिँदै गएको स्थानीयवासी बताउँछन् । यही गतिमा फोहोर हुने र व्यवस्थापन गर्न नसकिए वातावरणमा प्रतिकूल असर पर्नाका साथै प्राकृतिक तथा पर्यावरणको संरक्षण एवं जलवायु परिवर्तन र जैविक विविधतालाई समेत असर पर्ने देखिएको बताइन्छ ।

जिल्लामा वैशाखदेखि असारसम्म यार्सा सङ्कलनका लागि र भदौदेखि मङ्सिरसम्म यहाँका जङ्गलमा अन्य जडीबुटी खोज्न मानिस लेकाली वन क्षेत्रमा पुग्ने गर्दछन् । केही वर्षयता यार्सा तथा अन्य जडीबुटी सङ्कलन गर्न हिमाली क्षेत्रमा जानेको सङ्ख्या बढ्दै गएको छ । बुङ्गल नगरपालिकाका हिमाली भेगमा पर्ने थानपाटन, धौलाढुङ्गा, चुपी, ठाडीगाड र भिडेगडा तथा साइपाल गाउँपालिकाका माझा, फरालखेत, राइढुगी, औंलागाड, स्याङ्वन दोदले र इङ्गलदार, सुर्मा गाउँपालिकाअन्तर्गतका जलजला, डाँफेचुली, तपोवन, डाँडा, जर्सी, गोलढुङ्गालगायत वन क्षेत्रमा हरेक वर्ष यार्सा सङ्कलनका लागि मात्रै हजारभन्दा बढी मानिस जाने गरेका छन् ।

हिमाली वन क्षेत्रमा जटामसी, कटुकी, सेतकचिनी, भुतकेसलगायत जडीबुटी सङ्कलनका लागि बझाङका साथै हुम्ला, जुम्ला, कैलाली, कञ्चनपुर, डडेल्धुरा, दार्चुला, बाजुरालगायत जिल्लाबाट सयौंको सङ्ख्यामा मानिस लेकाली वनमा अस्थायी क्याम्प खडा गरेर बस्ने गरेका छन् । हिमाली क्षेत्रको फोहोर व्यवस्थापनका विषयमा पत्रकारले पनि गाउँपालिकासँग सहकार्य गरिरहेको नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा अध्यक्ष शैलेन्द्र रोकायाले बताउनुभयो । दुई वर्षअघि अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) नामक अन्तरराष्ट्रिय संस्था र सहारा नेपालले गरेको सर्भेक्षणअनुसार जिल्लाका हिमाली क्षेत्रमा यार्सा तथा जडीबुटी सङ्कलन गर्न जाँदा एकजनाले पाँचदेखि सात किलो फोहोर विर्सजन गर्ने गरेका छन् ।

यार्सागुम्बा सङ्कलन क्षेत्रको फोहोर व्यवस्थापन र संरक्षणका लागि साइपाल गाउँपालिकासँग सहकार्य गरिरहेको सहारा नेपालका अध्यक्ष ज्ञानबहादुर बोहोराले सङ्कलकले वर्षेनि हजारौं टन प्लास्टिक, सिसा, पुराना जुत्ता, चप्पल, फाटेका कपडालगायत कुहिने तथा नकुहिने फोहोर जताततै फालेका भेटिएको बताउनुभयो । दुई वर्षअघि देखि सो गाउँपालिकाले यार्सा सङ्कलन क्षेत्रको फोहोर व्यवस्थापनका लागि अभियान नै शुरु गरेको छ । गाउँपालिका र सहारा नेपालले हिमाली क्षेत्रको जैविक विविधतालाई संरक्षण गर्न त्यसभित्र पर्ने सङ्कलन क्षेत्र औलागाड, राईढुङ्गी, माझालगायत वनमा फालिएको फोहोरलाई व्यवस्थितरूपमा खाल्डो खनेर विर्सजन गर्न शुरु गरेको छ ।

# निषेधाज्ञाले रोकियो बलेवा विमानस्थल र बसपार्कको कालोपत्रे

**–खेमराज गौतम**

**गलकोट, १० जेठ (रासस)**

निर्माणको अन्तिम चरणमा पुगेका बागलुङका दुई ठूला आयोजनाको काम प्रभावित बनेको छ । पूर्वाधार निर्माण सम्पन्न भई कालोपत्रेको मात्रै काम रहेको बलेवा विमानस्थल र बागलुङ बसपार्कको कालोपत्रे गर्ने काम रोकिएको छ ।

जिल्लामा अन्य निर्माण कार्य निर्वाधरूपमा भइरहे पनि दुई आयोजना निषेधाज्ञा भन्दै रोकिएका छन् । वैशाखमै कालोपत्रे गर्ने भनिएको बलेवा विमानस्थलको धावनमार्ग र आधुनिक बागलुङ बसपार्कको काम अहिले रोकिएको निर्माण व्यवसायीले बताएका छन् ।

दुवै आयोजना अक्पार्ड प्रविधिबाट कालोपत्रे गरिने भए पनि प्लान्ट नपाउँदा कालोपेत्रमा समस्या भएको निर्माण कम्पनीको दाबी छ । जिल्लामा निर्माण कार्य स्वास्थ्य मापदण्ड पूरा गरेर गर्न जिल्ला कोभिड सङ्कट व्यवस्थापन समितिले निर्देशन दिएको छ तर निर्माण सामाग्री समयमा नपाइएको तथा अन्य आवश्यक उपकरण र सामाग्री निषेधाज्ञाका कारण मुल्य वृद्धि भएकाले दुई ठूला आयोजनाको काम अन्तिम अवस्थामा आएर रोकिएका हुन् । जिल्लाको भविष्यसँग जोडिएका बलेवा विमानस्थल तथा बागलुङ बसपार्क अन्तिम चरणमा पुगेर रोकिनु दुःखद् भएको स्थानीयवासी बताउँछन् । प्लान्ट जडानमा ढिलाइ हुँदा समयमै कालोपत्रे गर्न नसकिएको विमानस्थल कालोपत्रेको जिम्मा पाएको काष्ठमाण्डप निर्माण सेवाका प्रतिनिधि बासु थापाले बताउनुभयो । म्याग्दी जाने सडक छेउमा अक्पार्ड प्रविधिको कालोपत्रे गर्ने सामग्री उत्पादनको प्लान्ट निर्माण भइरहेकाले केही ढिलाइ भएको थापाको भनाइ छ । प्लान्ट निर्माण हुनासाथ १० दिनमै विमानस्थलको धावनमार्ग कालोपत्रे सकिने थापाको दाबी छ ।

यता प्लान्टकै कारण नगरपालिकाको अगुवाइमा निर्माण थालिएको बागलुङ बसपार्क सञ्चालनमा ढिलाइ भएको बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । निषेधाज्ञा बहाना मात्रै भएको र काम गर्नेलाई समस्या नभएको नगर प्रमुख पौडेलको भनाइ छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले विमानस्थल पुनर्निर्माणको काम द्रुत गतिमा भएको जनाएको छ । यद्यपि यही जेठ मसान्तभित्र निर्माण सक्ने तयारी भए पनि निर्माण सम्पन्न हुनमा केही आशङ्का जन्मेको छ ।

विसं २०१६ देखि २०१८ सम्म लगाएर स्थानीयवासीले बनाएको ८०० मिटर लामो यो विमानस्थलमा २०४९ सम्म नियमित जहाज चल्दै आएका थिए । विसं २०४८ मा पोखरा-बागलुङ सडक खुलेपछि विमानस्थल बन्द भएको थियो ।

बसपार्क निर्माणका लागि बागलुङ-४ उपल्लाचौरमा १८ वर्षअघि बागलुङ बजारबासीले उपल्लाचौरको दाबगरामा व्यक्तिगत जग्गा निःशुल्क नगरपालिकालाई उपलब्ध गराएका थिए । यतिका वर्षपछि बसपार्क निर्माणले अन्तिम रूप लिएको भए पनि निषेधाज्ञाले कालोपत्रे गर्न नसकिएको निर्माण व्यवसायीले बताएको छ । लामो समय सरकारी उदासीनताका कारण अलपत्र परेको बसपार्क निर्माण जनप्रतिनिधि आएपछि २०७५ सालमा नगरपालिकाको पहलपछि गति लिएको थियो ।

ठेक्का स्वीकृत भएको दुई वर्षपछि बसपार्क निर्माण अन्तिम चरणमा पुगेको भए पनि कालोपत्रे हुन नसकेको हो । बागलुङमा व्यवस्थित बसपार्क बनाउन २०५९ सालमै स्थानीयवासीले करोडौं मूल्य पर्ने जग्गा निःशुल्क दिएका थिए । विसं २०७६ कात्तिक २६ गते एक वर्षमा सक्ने गरी रु आठ करोड ७० लाखमा ठेक्का सम्झौता भएको बसपार्क समयमै नसकिँदा दुई पटक छ/छ महिना म्याद थपिएको हो । अहिले टर्मिनल र व्यावसायिक भवन निर्माण सम्पन्न भएको र पार्किङ स्थलको कालोपत्रेको तयारी छ । बसपार्कको ८५ प्रतिशत भौतिक प्रगति र ७० प्रतिशत वित्तीय प्रगति भएको छ ।

कोरोनाका कारण निर्माणमा केही ढिलाइ भए पनि फागुनभित्रै बसपार्क नगरपालिकालाई हस्तान्तरण गर्ने गरी बाँकी कामलाई तिब्रता दिइएको भए पनि पुनः निषेधाज्ञाले समस्या भएको बसपार्क निर्माणको जिम्मा लिएको आशिष फेवा जेभीले जनाएको छ ।

# मनाङमा कोरोना जित्ने बढ्दै

**–नवीन लामिछाने**

**मनाङ, १० जेठ (रासस)**

हिमाली जिल्ला मनाङमा नयाँ भेरियन्टसहितको दोस्रो लहरको कोरोना सङ्क्रमण जित्ने बढ्दै गएका छन् । केही समय शून्य सङ्क्रमित रहेको मनाङमा नयाँ भेरियन्टसहितको दोस्रो लहरको कोरोना सङ्क्रमणलाई मनाङमा एकै दिन २८ जनाले जितेका छन् ।

धेरैजसो होम आइसोलेशनमा बसेका कोरोना सङ्क्रमित सङ्क्रमणमुक्त भएको स्वास्थ्य कार्यालय मनाङले जनाएको छ । हालसम्ममा जिल्लामा ८४ सङ्क्रमितमध्ये ६३ जना सङ्क्रमणमुक्त भएर घर फर्किसकेका छन् । कोरोना सङ्क्रमणमुक्त हुने सङ्ख्या बढ्दै गएको स्वास्थ्य कार्यालय मनाङका प्रमुख बद्री आचार्यले जानकारी दिनुभयो ।

उहाँले २१ सक्रिय सङ्क्रमित आइसोलेशनमा रहनुभएको बताउनुभयो । आचार्यका अनुसार त्यसमध्ये छ सङ्क्रमित सामुदायिक आइसोलेशनमा रहनुभएको छ भने अन्य सबै होम आइसोलेशनमा हुनुहुन्छ । मनाङका चार स्थानीय तहमध्ये सङ्क्रमितहरू दुई वटा पालिकाका हुन् । दोस्रो लहरको कोरोना सङ्क्रमणबाट चामे गाउँपालिका र मनाङ डिस्याङ गाउँपालिकामा बढी प्रभाव पारेको उहाँले बताउनुभयो । नासो गाउँपालिका र नार्पाभूमि गाउँपालिकामा सङ्क्रमितको सङ्ख्या शून्य छ ।

“ य स प ट क का ` कोरोना सङ्क्रमणले चामे र मनाङ डिस्याङवासीलाई प्रभाव पार्‍यो, हाल मनाङमा सङ्क्रमित थपिने क्रम न्यून हुँदै गएको छ, पहिले सङ्क्रमित ह्वात्तै बढ्दा उपचार गर्न समस्या हुने पो हो कि जस्तो एक किसिमको डर पैदा भएको थियो, अहिले निको हुने बढ्दै गएपछि खुशी लागेको छ, अब छिट्टै मनाङका सङ्क्रमित निको हुनेछन्”, आचार्यले भन्नुभयो । मनाङवासीले समयमै सचेतता अपनाएपछि सङ्क्रमण बढ्नुभन्दा न्यूनीकरणतर्फ उन्मुख भएको पाइएको स्वास्थ्य कार्यालयले मनाङले जनाएको छ ।

सामुदायिक आइसोलेशन र होम आइसोलशनमा रहेका सबै सङ्क्रमितको स्वास्थ्य अवस्था हाल सामान्य रहेको उहाँले बताउनुभयो । “सङ्क्रमितको अवस्था सामान्य रहे पनि समस्या आयो भने यहाँ उपचार गर्न सक्ने अवस्था रहेको छैन, हेलिकप्टर नै मगाउनुपर्ने हुन्छ, कहिलेकाहीँ हेलिकप्टर आउन ढिलो भएमा यहाँका मानिसको ज्यानसम्म जान सक्ने हुन्छ, यहाँको समस्या कहिले समाधान हुने खै ?”, उहाँले भन्नुभयो ।

उहाँका अनुसार मनाङमा हालसम्म दरबन्दीमा रहेका चिकित्सकसमेत रिक्त रहेको छ । मनाङ विकट क्षेत्र भएर पनि होला दरबन्दीकै चिकित्सकहरू आउनै नचाहेका कारण दरबन्दी पूर्ति हुने अवस्था नै नरहने उहाँ बताउनुहुन्छ । सम्बन्धित निकायमा जानकारी गराए पनि हालसम्म चिकित्सक आइनपुगेको उहाँको भनाइ छ । मनाङमा २० वटा अक्सिजन कन्सन्ट्रेटर मेसिन र ठूलो सानो गरी २९ अक्सिजन सिलिण्डर रहेको छ । हालसम्म ११ वटा अक्सिजन सिलिण्डर खपत भइसकेको स्वास्थ्य कार्यालय मनाङले जनाएको छ । जिल्ला अस्पताल मनाङमा हाल आठ कन्सन्ट्रेटर र आठ ठूला तथा पाँच साना सिलिण्डर रहेको छ । अस्पतालमा दुई वटा खपत हुने गरेको थियो भने बिरामी बढ्दै गएमा सबै उपयोग गर्न सकिने अवस्था छ ।

चामे गाउँपालिकामा दुई वटा अक्सिजन कन्सन्ट्रेटर र दुई वटा सानो अक्सिजन सिलिण्डर रहेको छ । मनाङ डिस्याङ गाउँपालिकामा तीन अक्सिजन कन्सन्ट्रेटर र १३ वटा सानो सिलिण्डर रहेको छ । त्यहाँ नौ वटा अक्सिजन सिलिण्डर खपत भइसकेको छ । नार्फु गाउँपालिकामा पाँच अक्सिजन कन्सन्ट्रेटर छन् । यस गाउँपालिकामा अक्सिजन सिलिण्डर भने छैन । नासो गाउँपालिकामा दुई वटा अक्सिजन कन्सन्ट्रेटर र एउटा सानो अक्सिजन सिलिण्डर रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

मनाङ हिमाली क्षेत्र भएकाले यहाँका प्रत्येक होटल तथा बेसक्याम्पमा अक्सिजन राख्ने गरिएको छ । यहाँ हाइअल्टिच्युड हुने भएकाले अक्सिजन कम भएको अवस्थामा उपयोग गर्न प्रायजसो यहाँका मानिसले अक्सिजनको व्यवस्थापन गरेका हुन्छन् । जिल्ला अस्पताल मनाङमा सात, चामे गाउँपालिकामा १०, मनाङ डिस्याङ गाउँपाकिलामा १३, नार्फु गाउँपालिकामा पाँच र नासो गाउँपालिकामा १२ गरी कुल ४७ शयूयाको आइसोलेशन रहेको छ ।

# नयाँ सरकार बन्ने अवस्था रहँदारहँदै संसद् विघटन : नेता कोइराला

**रासस**

**काठमाडौं, १० जेठ**

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले नयाँ सरकार बन्ने अवस्था रहँदारहँदै संसद् विघटन गरिएको आरोप लगाउनुभएको छ ।

नेपाली कांग्रेस काठमाडौंस्थित जिल्ला सम्पर्क समितिद्वारा आज जुम प्रविधिद्वारा आयोजित ‘वर्तमान अवस्थामा नेपाली कांग्रेसको भूमिका’ विषयक संवाद कार्यक्रममा उहाँले सरकारले कोरोना परिक्षणको दायरालाई बढाउन कन्टयाक्ट ट्रेसिङलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । नेता डा कोइरालाले कोरोना भ्याक्सिन ल्याउनका लागि सरकारले यथेष्ट पहल गर्न नसकेको भन्दै यसका लागि कांग्रेसले पहल थाल्नुपर्ने उल्लेख गर्नुभयो ।

पार्टीले आफ्नो १४ औं महाधिवेशनको तोकिएको समयमा सम्पन्न गर्नुपर्ने उहाँको भनाइ छ । पार्टीका केन्द्रीय सदस्य अजय चौरासियाले कोरोनाबाट आक्रान्त भएका जनतालाई राहत दिने काममा सरकार असफल भएको बताउनुभयो।काठमाडौंमहानगरपालिकाका उपप्रमुख हरिप्रभा खड्गी श्रेष्ठले कोरोना सङ्क्रमणका लागि सरकारले महानगरपालिकालाई कुनैपनि बजेट नदिँदा कोरोना रोकथाममा समस्या परेको बताउनुभयो ।

उपत्यकाका विभिन्न १० अस्पताललाई कोरोना उपचारका लागि कामपाले सहयोग गरेको उपप्रमुख खड्गीको भनाइ छ ।

नेपाली कांग्रेस सिन्धुलीका सभापति उज्वल बराल, पाँचथरका सभापति नरेन्द्र केरुङ, रामेछापका सभापति लवश्री न्यौपाने, कांग्रेस लमजुङ-काठमाडौं सम्पर्क समितिका सभापति प्रदीपराज अधिकारीलगायतले कोरोना सङ्क्रमण नियन्त्रण तथा रोकथामका लागि कांग्रेस कार्यकर्ता एक भएर लाग्नुपर्नेमा जोड दिनुभएको थियो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १४ शुभ मार्ग पोखरी मुनी बाटो निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः शुभ मार्ग पोखरी मुनी बाटो निर्माण**

**स्थानः पोमनपा वडा नं. १४, पोखरी मार्ग**

**योजना शुरु हुने मिति : २०७७/११/०७ गते**

**योजना सम्पन्न मिति : २०७८/०२/०२ गते**

**योजनाको कुल लागत : रु. ६,२५,०८५.३१**

**महानगरपालिकाबाट प्राप्त रकम : रु. ५,००,०००।-**

**जन सहभागितावाट : रु. १,२५,०००/-**

**उपभोक्ता समितिः**

**धन बहादुर थापा-अध्यक्ष**

**लक्ष्मी पौडेल- सचिव**

**कमला विश्वकर्मा- कोषाध्यक्ष**

**उपभोक्ता सदस्य संख्या- ११, महिला- ६, पुरुष- ५**

**पोखरी मार्ग उपभोक्ता समिति**

**पोखरा - १४, पोखरी मार्ग**

# मौलाकालिका मन्दिर पुग्ने केबलकारको काम शुरु

**रासस**
**चितवन, १० जेठ**

पवित्र धार्मि स्थल मौलाकालिका मन्दिर पुग्ने केवलकार निर्माणको काम शुरु भएको छ । नवलपरासी (त्रिवेणी सुस्ता पूर्व) को गैंडाकोट नगरपालिका वडा नं. १ देखि मन्दिरसम्म केवलकार निर्माण हुने भएको हो ।

स्थानीय साझेदारसमेत समेटेर आईएमई ग्रुपका अध्यक्ष चन्द्र ढकालको समूहले केवलकार निर्माण गर्न लागेको हो। केवलकारका लागि सामुदायिक वनको रुख काट्ने काम आजबाट थालिएको छ । परियोजना प्रमुख ईञ्जिनीयर गोकुल साउदका अनुसार गैंडाकोटको धारापानी टोलबाट मन्दिर नजिक रहेको हेलिप्याडसम्म केवलकार बन्ने छ। एक किलोमिटर दुई सय मिटर लामो उक्त केवलकारमा ६ पिल्लर र १२ वटा गोन्डोला (डब्बा) रहने छन् । एउटा गोन्डोलामा आठ जना अट्छन् । केवलकार निर्माण स्थलबाट मन्दिरसम्म जाने मार्गमा मौलाकालिका सामुदायिक वन र मौलाकालिका धार्मिक वन पर्दछ। केवलकारको मार्गमा पर्ने एक हजार ३८ वटा रुख कटान गर्नु पर्नेछ। साउदका अनुसार जेठ मसान्तसम्ममा रुख कटानको काम सम्पन्न हुनेछ । अष्ट्रियाको गोपलमेर कम्पनीको केवलकार जडान गर्न लागिएको हो जुन चन्द्रागिरीमा समेत जडान गरिएको छ। नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्षसमेत रहनुभएका आइएमइ ग्रुपका अध्यक्ष चन्द्र ढकालका अनुसार आउँदो एक वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी काम अगाडि बढाइएको छ । उहाँको भनाइमा केवलकार सम्पन्न गर्न रु. एक अर्ब ५० करोड लगानी हुने छ। सामुदायिक वनसँग २५ वर्षका लागि जग्गा भाडामा लिएर काम थालिएको हो । नेपाल सरकारको प्रचलित नियम अनुसार सो जग्गा वापतको सोधभर्नासमेत गरेर काम अगाडि बढाइएको ढकालले जानकारी दिनुभयो । केवलकारले एक घण्टामा ६०० जनालाई सेवा दिने उहाँले बताउनुभयो । स्थानीय समेत साझेदार हुने भएपछि गैंडाकोटवासी उत्साहित भएका छन् । ढकालका अनुसार स्थानीयको सहयोगका कारण परियोजना सहज रुपमा निर्धारित समयमै सम्पन्न गर्न सकिने छ। गैंडाकोट नगरपालिकाका प्रमुख छत्रराज पौडेलले यहाँको पर्यटन प्रवर्द्धनमा केवलकारले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। उहाँले भन्नुभयो, "यसले नगर क्षेत्रको पर्यटकीय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ ।" यसले स्थानीय स्तरमा रोजगारीको सिर्जना हुनुको साथै होटल रेष्टुरेन्ट व्यवसाय पनि फस्टाउने पौडेल बताउनुहुन्छ। स्थानीय सरकारले यस्ता परियोजनालाई प्रोत्साहन गर्ने उहाँको भनाइ छ।

उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य समेत रहनु भएका जिल्ला उद्योग वाणिज्य संघ पूर्व नवलपरासीका अध्यक्ष अमृत भट्टचनले यो जिल्लाकै गौरवको आयोजना हुने बताउनुभयो। उहाँले एक वर्षपछि यहाँको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्ने बताउनुभयो । धार्मिक सेवा समिति मौलाकालिका मन्दिर व्यवस्थापन समितिका अध्यक्ष शालिग्राम सापकोटाका अनुसार विगतका वर्षहरुको तथ्याङ्क हेर्दा वार्षिक यहाँ दुई लाख ५० हजारदेखि २ लाख ७५ हजारसम्म दर्शनार्थी आउने गरेका छन्। उहाँले भन्नुभयो, "देशैभरिबाट दर्शनार्थी आउछन् । केवलकार बनेपछि यो सङ्ख्या अझै बढ्नेछ। "

मन्दिर क्षेत्रमा कालिकाको मुख्य मन्दिर रहेको छ । उत्तरतर्फ भैरव मन्दिर, पश्चिममा होमनकुण्ड र चर्तुमुखी शिवालय रहेको छ। मन्दिर क्षेत्रमा १२५ जना अट्ने सभाहल, ३० जना क्षमताको धर्मशाला रहेको छ । सो ठाउँमा १७५ जनासम्म खान बस्नको व्यवस्था छ । मनोकामना पूरा हुने धार्मिक विश्वासका साथ यहाँ तीर्थालुहरु आउने गर्दछन् ।

# संस्थागत स्वमूल्याङ्कन नतिजामा म्याग्दे पहिलो

**पोखरापत्र संवाददाता**
**तनहुँ, १० जेठ**

स्थानीय तह संस्थागत स्वमूल्याङ्कनमा तनहुँको म्याग्दे गाउँपालिका पहिलो भएको छ । हालसम्म सार्वजनिक नतिजाअनुसार सो गाउँपालिका ७०.७५ प्रतिशत अङ्क प्राप्त गरी प्रथम हुन सफल भएको हो।

जिल्लाका दश स्थानीय तहमध्ये छ स्थानीय तहको नतिजा सार्वजनिक भएको छ। त्यसमा व्यास नगरपालिकाले ६९.५, बन्दीपुर गाउँपालिकाले ६५, भिमाद नगरपालिकाले ५७.५, देवघाट गाउँपालिकाले ६०.५ र घिरिङ गाउँपालिकाले २७.७५ प्रतिशत अङ्क प्राप्त गरेका छन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरूको संस्थागत क्षमता मूल्याङ्कनका लागि दश विषय क्षेत्रमा तीन स्थिति विभाजन गरी उक्त नतिजा सार्वजनिक गरेको हो । म्याग्देले समग्र स्थितितर्फ ६५.४८, प्रक्रियागत स्थितितर्फ ६४.७१ र परिमाणात्मक स्थितितर्फ ७७.७८ प्रतिशत अङ्क प्राप्त गरेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। समग्र प्रक्रियागत र परिमाणात्मक स्थिति विभाजन गरी एक सय सूचकमा रही स्थानीय तहले अनलाइनमै सूचक अङ्क आवश्यक कागजात र प्रमाण पेश गरी दाबी गर्ने व्यवस्था गरिएको थियो।

गाउँपालिकाले शासकीय प्रबन्धतर्फ ९४.४४, सङ्गठन तथा प्रशासनतर्फ १००, वार्षिक बजेट तथा योजना व्यवस्थापनतर्फ ९०.९१, वित्तीय एवं आर्थिक व्यवस्थापन ८६.३६, सेवा प्रवाहतर्फ ७६.५६, न्यायिक कार्य सम्पादनतर्फ ७८.५७, भौतिक पूर्वाधारतर्फ १९.२३, सामाजिक समावेशीकरणतर्फ ७०, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनतर्फ ७२.२२ र सहकार्य तथा समन्वयतर्फ १६.६७ प्रतिशत अङ्क प्राप्त गरेको छ। स्थानीय तहको कार्यप्रक्रिया र उपलब्धिबारे लेखाजोखा गरी सबल तथा दुर्वल पक्षको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीको जानकारी लिन, आवधिक समीक्षाका लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाबीचमा तुलनायोग्य सूचक तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनका लागि मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि बनाएको थियो।

मन्त्रालयको कार्यविधिअनुसार शासकीय प्रबन्धतर्फ नौ, सङ्गठन तथा प्रशासनतर्फ आठ, वार्षिक बजेट तथा योजना व्यवस्थापनतर्फ ११, वित्तीय एवं आर्थिक व्यवस्थापनतर्फ ११, सेवा प्रवाहतर्फ १६, न्यायिक कार्य सम्पादतर्फ सात, भौतिक पूर्वाधारतर्फ सात, सामाजिक समावेशीकरणतर्फ १०, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनतर्फ नौ र सहकार्य तथा समन्वयतर्फ छ कूल भार निर्धारण गरिएको छ।

# भारतमा कोरोनाबाट मर्नेको संख्या तीन लाख नाघ्यो, थामिएन मृत्यु

**रासस**
**काठमाडौं, १० जेठ**

भारतमा कोभिड-१९ को संक्रमणबाट मृत्यु भएको हुने व्यक्तिको संख्या तीन लाख नाघेको छ। संक्रमणबाट मृत्यु हुनेको दैनिक संख्यामा कमी आउन सकेको छैन।

भारतमा कोरोनाभाइरस महामारीको विगत २४ घण्टामा थप चार हजार ४५४ जनाको मृत्यु भएको भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ । भारतमा बढी घातक मानिएको कोभिड-१९ को दोस्रो लहर शुरु भएयता दैनिक चार हजारको हाराहारीमा संक्रमितको मृत्यु भइरहेको छ।

कोभिड-१९ को दोस्रो लहर निकै घातक रहेको र बिरामीलाई तत्कालै अक्सिजन दिनुपर्ने देखिएको छ । विज्ञहरुको भनाईमा भारत सरकारले सार्वजनिक गरेको विवरण भन्दा बढी संख्यामा कोभिड-१९ संक्रमितको मृत्यु भएको छ । यद्यपी यसको प्रष्ट विवरण प्राप्त भइसकेको छैन। भारतमा पछिल्ला केही दिनदेखि कोभिड-१९ बाट संक्रमितको संख्या भने घटेको छ। मन्त्रालयका अनुसार गत २४ घण्टामा दुइ लाख २२ हजार ३१५ जना नयाँ संक्रमित देखिएका छन् भने कोरोना शुरु भएयता हालसम्म दुइ करोड ३७ लाख २८ हजार ११ जना संक्रमणमुक्त पनि भएका छन्। भारतमा अझै पनि २७ लाख २० हजार ७१६ जनामा सक्रिय संक्रमण छ। भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्धको खोप अभियान शुरु गरेको थियो । सो समयबाट हालसम्म करिब १९ करोड १८ लाख ५९ हजार १६४ डोज खोप लगाइएको छ।

# ढिस्काले पुरेर दुईको मृत्यु

**पोखरापत्र संवाददाता**
**गोरखा, १० जेठ**

सिरानचोक गाउँपालिका-१ भीरसिंहमा सोमबार माटाको ढिस्काले पुरेर दुई जनाको मृत्यु भएको छ।

जिल्ला समन्वय समितिका प्रमुख अशोककुमार गुरुङका घरको परिसर निर्माण गर्ने क्रममा ३५ वर्षीय भीमबहादुर गुरुङ र ४८ वर्षीय काले गुरुङको सो दुर्घटनामा परी मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश दाहालले जानकारी दिनुभयो।

घटनालगत्तै स्थानीयवासी र प्रहरीसहितको टोलीले उद्धार गरी जौबारी स्वास्थ्यचौकीमा पुऱ्याए पनि चिकित्सकले साँझ करीब ७ बजे दुवैलाई मृत घोषणा गरे।

भीरसिंहका दुवैको शव परीक्षणका लागि अहिले स्वास्थ्यचौकीमा राखिएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि. स. २००९/०५/०४ गते**

**स्वर्गारोहणः**
**वि.स. २०७७/१२/२९ गते**

**स्वः डिल्लीराम गौतम**

हाम्रा प्रात स्मरणीय आदरणीय पति/बाबा/हजुरबाबा **डिल्लीराम गौतम** ६८ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । आज ४५ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

**श्रीमतीः पार्वती गौतम**

**छोरा/बुहारीः**
**गोविन्द गौतम / सरिता गौतम**
**डा. दिनेश गौतम / इन्जु गौतम**
**दिपेन्द्र गौतम / बबिता गौतम**

**नातिः**
**आभास गौतम**
**अभिभ गौतम**
**अभिनव गौतम**
**एरिस गौतम**

**एवम् गौतम परिवार**
**पोखरा-१३ काहुँखोला**